# श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको
## सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ६७ ग. बमोजिम बनाइबक्सेको अख्तियार दुरूपयोग निवारण आयोगका आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधासम्बन्धी नियमावली, २०३४ सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

अख्तियार दुरूपयोग निवारण आयोगका आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधासम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली

प्रस्तावना : अख्तियार दुरूपयोग निवारण आयोगका आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ६७ ग. बमोजिम देहायका नियमहरू बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "अख्तियार दुरूपयोग निवारण आयोगका आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधासम्बन्धी नियमावली, २०३४" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा ६७ ग. बमोजिम गठित अख्तियार दुरूपयोग निवारण आयोग सम्झनुपर्छ ।

(ख) "आयुक्त" भन्नाले आयोगको प्रमुख आयुक्तलाई समेत जनाउँछ ।

३. आयुक्तको पदावधि : (१) आयुक्तको पदावधि ६ वर्षको हुनेछ र निज पुनः नियुक्ति लागि योग्य हुनेछ ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयुक्त देहायको अवस्थामा आफ्नो पदमा बहाल रहने छैनः–

(क) श्री ५ को समक्ष लिखित समावेदन पेश गरी आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा, वा

(ख) कार्य क्षमताको अभाव वा खराब आचरण भएकोले वा वदनियतसाथ काम गरेकोले आफ्नो कर्तव्य पालन नगरेको हुँदा हटाउन मनासिव छ भनी श्री ५ बाट नियुक्त गरिबक्सेको आयोगले प्रतिवेदन पेश गरेको आधारमा मौसूफबाट हटाइबक्सेमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०६०

तर त्यस्तो आरोप लागेको आयुक्तलाई सो आयोगमा आफ्नो सफाई पेश गर्नको लागि मनासिब मौकाबाट वञ्चित गरिने छैन ।

४. मर्का पर्ने गरी सेवा शर्त नवदलिने : आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी निजको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त वदलिने छैनन् ।

५. आयुक्तको पारिश्रमिक : (१) प्रमुख आयुक्तलाई प्रतिमास दुई हजार एकसय पचास रूपैयाँ र अन्य आयुक्तलाई प्रतिमास एक हजार नौसय बीस रूपैयाँका दरले पारिश्रमिक दिइनेछ ।

(२) श्री ५ को सरकारबाट कुनै किसिमको भत्ता वा निवृत्तभरण पाई राखेको कुनै व्यक्ति आयुक्तको पदमा नियुक्त भएमा निजले सो पदमा बहाल रहेसम्म त्यस्तो भत्ता वा निवृत्तभरण पाउने छैन ।

६. संचयकोष : श्री ५ को सरकारले आयुक्तको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले संचय कोष कट्टा गरी सो कट्टी भएको रकममा शतप्रतिशत थप गरी संचय कोषमा जम्मा गरिदिनेछ ।

७. सवारी र अन्य सुविधा : (१) प्रमुख आयुक्तलाई सवारीको निमित्त ड्राइभर सहितको मोटर सुविधा दिइनेछ ।

(२) आयोग अवस्थित भएको ठाउँमा निजी घर नहुने आयुक्तले बसोवासको निमित्त गैर सरकारी घर बहालमा लिएमा प्रत्येक महीना मासिक पारिश्रमिकको आधामा नबढ्ने गरी सो बहालको रकम श्री ५ को सरकारले बेहोर्नेछ ।

(३) आयुक्तलाई सो पदमा बहाल रहेसम्मको अवधिको लागि निजको आवासमा एक सेट टेलिफोन राख्न जडान खर्च र धरौटी बापत लाग्ने न्यूनतम रकमको सुविधा दिइनेछ । टेलिफोनको अनिवार्य शुल्क बापत प्रतिमास निर्धारित शुल्कको पचहत्तर प्रतिशत श्री ५ को सरकारले बेहोर्नेछ ।

८. दैनिक तथा भ्रमण भत्ता र बीमा खर्च : आयुक्तले आफ्नो ओहदासम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा निजलाई देहायका दरले भत्ता र बीमा खर्च दिइनेछः–

(क) दैनिक भत्ताः एक दिनको पारिश्रमिकको आधा ।

(ख) भ्रमण भत्ताः हवाईजहाजबाट भ्रमण गर्दा एक जनालाई लाग्ने भाडा, रेल वा बसबाट भ्रमण गर्दा डेढजनालाई लाग्ने पहिलो दर्जाको भाडा, अरू सवारीबाट भ्रमण गर्दा त्यस सम्बन्धमा लाग्ने टिकट खर्च तथा ज्याला र पैदल हिंड्नु पर्दा प्रति कोश पाँच रूपैयाँ ।

(ग) बीमा खर्च : हवाईजहाजबाट भ्रमण गर्दा दुई लाख रूपैयाँको बीमा खर्च ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. बिदा: (१) आयुक्तले देहायबमोजिमका बिदाहरू पाउन सक्नेछ:–

(क) भइपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) क्रिया बिदा, र

(ङ) विशेष बिदा ।

(२) आयुक्तले प्रत्येक वर्ष छ दिनमा नबढाई सोही वर्षभित्रै पूरा पारिश्रमिक सहितको भइपरी आउने बिदा लिन पाउनेछ ।

(३) आयुक्तले काम गरेको अवधिको एघार दिनको एक दिनको दरले पूरा पारिश्रमिक सहितको घर बिदा पाउन सक्नेछ । घर बिदा बढीमा एकसय बीस दिनसम्म सञ्चित गरी राख्न सकिनेछ । साधारणत: आयुक्तलाई आखिरी घर बिदा भुक्तान भएको मितिले चार महीना नपुगी अर्को घर बिदा दिइने छैन । घर बिदाको प्रयोजनको निमित्त काम गरेको अवधि कायम गर्दा भइपरी आउने बिदा बसेको दिन र सार्वजनिक बिदाको दिन समेत काम गरेको दिनमा जोडिनेछ ।

(४) आयुक्तले प्रत्येक वर्ष पन्ध्र दिनका दरले पारिश्रमिक सहितको बिरामी बिदा पाउन सक्नेछ । त्यस्तो बिरामी बिदा नलिएको संचित हुँदै जानेछ र कुनै ठूलो कडा रोग लागी स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महीनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप बिरामी बिदा लिइसकेपछि एक पटकमा थप चार महीनासम्म र सेवाको अवधिभरमा जम्मा बाह्र महीनामा नबढ्ने गरी बिना पारिश्रमिकको बिरामी बिदा पाउन सक्नेछ ।

तर–

त्यसरी पारिश्रमिक सहितको थप बिरामी बिदा लिंदा प्रत्येक दुई दिन थप बिरामी बिदा बापत एक दिनका दरले घर बिदा कट्टा गरिनेछ ।

(५) आयुक्त आफैं क्रिया बस्नु परेमा कूल धर्म हेरी बढीमा पन्ध्र दिनसम्मको पूरा पारिश्रमिक सहितको क्रिया बिदा पाउनेछ ।

(६) आयुक्तले देहायबमोजिम विशेष बिदा पाउन सक्नेछ र त्यस्तो बिदा आधा पारिश्रमिक सहितको हुनेछ:–

(क) एक पटकमा एक महीनामा नबढाई, र

(ख) पदावधिभरमा तीन महीनामा नबढाई ।

(७) श्री ५ को सरकारको सेवामा रहेको व्यक्ति आयुक्त पदमा नियुक्ति भएमा सो सेवामा रहँदाको निजको संचित बिदासम्बन्धी हक उपभोग गर्नबाट निजलाई वञ्चित गरिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. बिदा दिने अधिकारी : (१) भइपरी आउने बिदा बाहेक अन्य बिदाको लागि प्रमुख आयुक्तले श्री ५ बाट र अन्य आयुक्तले सबै बिदाको लागि प्रमुख आयुक्तबाट स्वीकृति लिनु पर्नेछ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत बिदा भुक्तान नहुँदै पनि प्रमुख आयुक्तलाई श्री ५ बाट काममा बोलाइबक्सन सकिबक्सनेछ। अन्य आयुक्तलाई प्रमुख आयुक्तले काममा बोलाउन सक्नेछ।

११. उपचार खर्च : (१) आयुक्त बिरामी भई उपचार गराउँदा लागेको देहायको खर्चको नब्बे प्रतिशत निजले उपचार खर्च बापत पाउनेछः–

(क) अस्पतालमा भर्ना हुँदा र अस्पतालमा उपचार गराउँदा लागेको अस्पतालको बिलबमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शनबमोजिम खरीद गरेको औषधि खर्च।

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्थामा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कबिराज, बैद्य वा हेल्थ असिष्टेण्टले जाँच गर्दा लिएको फी तथा जाँच गरी लेखिदिएको प्रेस्क्रिप्शन अनुसार खरीद गरेको औषधि खर्च।

(ग) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सरजिकल अपरेशन) गर्दा लागेको बिलबमोजिमको खर्च।

तर साधारणतया अस्पताल भएको ठाउँमा निजी नर्सिंगहोममा चिरफार गरेको खर्च भने दिइने छैन।

(घ) चश्मा, दाँत, एयरफोन आदि उपकरणको लागि श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकिदिएको हदसम्मको रकमको लागेको बिलबमोजिमको खर्च।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा दुइसय रूपैयाँभन्दा घटी खर्च भएकोमा उपचार खर्च दिइने छैन र कूल सेवा अवधिभर आयुक्तले पाउने नौ महीनाको पारिश्रमिकभन्दा बढी रकमको उपचार खर्च दिइने छैन।

(३) नेपाल अधिराज्यभित्र औषधि उपचार हुन नसक्ने भनी श्री ५ को सरकारद्वारा नियुक्त चिकित्सकहरूको समितिले सिफारिश गरेको आयुक्तले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई उप-नियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्नेछ।

(४) यस नियमबमोजिम औषधि उपचार गराए बापत पाउने उपचार खर्च लिन नपाउँदै आयुक्तको मृत्यु भएमा नियम १३ बमोजिम निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले सो उपचार खर्च लिन पाउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. निवृत्तभरण र उपदान : (१) कुनै व्यक्ति आयुक्त पदमा नियुक्त भई सो पदबाट अवकास प्राप्त गरेपछि निजले देहायबमोजिमको निवृत्तभरण वा उपदान पाउनेछः–

(क) आयुक्त पदमा दश वर्ष सेवा अवधि पूरा गरिसकेको भए आठसय रूपैयाँ मासिक निवृत्तभरण ।

(ख) दश वर्ष सेवा अवधि पूरा गरिसकेको नभए पूरा गरेको जम्मा वर्ष संख्यालाई निजले पाइआएको डेढ महीनाको पारिश्रमिकको अङ्कले गुणन गर्दा हुन आउने अङ्क बराबरको एकमुष्ट रकमको उपदान ।

(२) श्री ५ को सरकारको सेवामा वहाल रहेको वा वहाल गरिसकेको कुनै व्यक्ति आयुक्त पदमा नियुक्त भई सो पदबाट अवकास प्राप्त गरेपछि निजले देहायबमोजिमको निवृत्तभरण वा उपदान पाउनेछः–

(क) आयुक्त पदमा गरेको सेवा अवधिमा निजले श्री ५ को सरकारको सेवामा गरेको कूल सेवा अवधिलाई आधा गरी हुन आउने अवधि जोड्दा दश वर्ष सेवा अवधि पूरा भए आठसय रूपैयाँ मासिक निवृत्तभरण ।

(ख) खण्ड (क) बमोजिम हिसाब गर्दा दश वर्ष सेवा अवधि पूरा नभए पूरा भएको जम्मा वर्ष संख्यालाई निजले पाइआएको डेढ महीनाको पारिश्रमिकको अङ्कले गुणन गर्दा हुन आउने अङ्क बराबरको एकमुष्ट रकमको उपदान ।

तर अघि श्री ५ को सरकारको सेवा गरे बापत निवृत्तभरण पाइरहेको व्यक्तिले आयुक्त पदमा सेवा गरे बापत यस खण्डबमोजिमको उपदान पाउने छैन ।

(३) श्री ५ को सरकारको सेवा गरे बापत उपदान पाइसकेको कुनै व्यक्ति आयुक्त पदमा नियुक्त भएमा निजले त्यस्तो नियुक्त भएको एक वर्षभित्र आफूले अघि पाएको उपदानको पूरा रकम फिर्ता गरेमा मात्र निजले श्री ५ को सरकारको सेवामा गरेको सेवा अवधि उप-नियम (२) बमोजिम जोडिनेछ ।

(४) यस नियमबमोजिम पाउने उपदानको रकम पच्चीस हजार रूपैयाँभन्दा बढी हुने छैन ।

(५) श्री ५ को सरकारबाट निवृत्तभरण पाइरहेको व्यक्ति आयुक्त पदमा नियुक्त भई यस नियमावलीबमोजिम पनि निवृत्तभरण पाउन सक्ने भएमा निजले अघि पाइरहेको निवृत्तभरण र यस नियमावलीबमोजिम पाउने निवृत्तभरणमध्ये कुनै एक रोज्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. पारिवारिक निवृत्तभरण र उपदान : (१) देहायका अवस्थामा देहायका अवधिसम्मको लागि आयुक्तले आफ्नो परिवारको सदस्यहरूमध्ये इच्छाइएको व्यक्तिलाई र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी नइच्छाएकोमा निजको परिवारका सदस्यहरू मध्ये नजिकको हकदारलाई नियम १२ बमोजिमको निवृत्तभरण दिइनेछ:–

(क) पदमा बहाल छँदै आयुक्तको मृत्यु भएमा मृत्यु भएदेखि सात वर्षसम्म,

(ख) नियम १२ बमोजिम निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सो सात वर्ष नपुगेको बाँकी अवधिसम्म ।

(२) पदमा बहाल छँदै आयुक्तको मृत्यु भएमा र नियम १२ बमोजिम निवृत्तभरण पाउने नभई उपदानसम्म पाउने रहेछ भने सो उपदानको रकम निजको परिवारका सदस्यहरूमध्ये उप-नियम (१) बमोजिमको व्यक्तिले पाउनेछ ।

१४. थप सुविधा : (१) भइपरी आउने बिदा बाहेक अन्य कुनै पनि बिदा नलिई तीन वर्ष बिताई सकेको आयुक्तले आफूले पकाएको घर बिदामा आफ्नो घर जाँदा र घरबाट फर्कंदा यस नियमावलीबमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ। तर परिवारका सदस्यले दैनिक तथा भ्रमण भत्ता पाउने छैन ।

(२) आयुक्तले आफ्नो पदबाट अवकास प्राप्त गर्दा वा स्वीकृत गराई राजीनामा गर्दा निजको संचित रहेको घर बिदा र बिरामी बिदाको तलव निजले सो वखतमा खाई–पाई राखेको तलवको दरले एकमुष्ट पाउनेछ। बहाल छँदै मृत्यु भएकोमा पनि त्यस्तो तलव निवृत्तभरण वा उपदान पाउने निजको परिवारका सदस्यले पाउनेछ ।

१५. बाटो म्याद : आयुक्तले घर बिदामा घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा हाजिर हुन आउँदा वर्षको एक पटक पैदलको बाटोलाई आठ कोसको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यत्ति दिन बाटो म्याद पाउनेछ। तर घर बिदामा घर नगई अन्यत्र जान वा बस्नको निमित्त बाटो म्याद दिइने छैन । बाटो म्याद दिंदा सबैभन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको दिइनेछ र आउँदा जाँदा वास्तविक लागेको दिनभन्दा बढी दिइने छैन ।

१६. कायम मुकायमको व्यवस्था : (१) प्रमुख आयुक्त बिदामा बसेमा वा प्रमुख आयुक्तको पद नै रिक्त हुन आएको अवस्थामा बिदामा बसेको वा पद रिक्त भएको अवधिसम्मको लागि सो पदमा श्री ५ बाट अन्य आयुक्तलाई र अन्य आयुक्त पनि नभएको अवस्थामा अरू कुनै व्यक्तिलाई कायम मुकायम मुकरर गरिबक्सन सकिबक्सनेछ ।

(२) कायम मुकायम प्रमुख आयुक्त भई काम गर्ने व्यक्तिले त्यसरी कायम मुकायम भई रहुन्जेलसम्म नियम ५ बमोजिम प्रमुख आयुक्तले पाउने पारिश्रमिक पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८४